फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

प.स.:- ०७७/०७८
च.नं. :-

मिति:-२०७७/०५/०२

## चाडपर्व, जात्रा, मेलालाई व्यवस्थित गर्ने सम्बन्धी सूचना।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को संक्रमण नेपालमा दैनिक रुपमा बढिरहेको छ । नेपालीहरुका आ-आफ्नो धर्म, संस्कृति, परम्परा अनुसारका चाडपर्वहरु समेत नजिकिँदै आएको अवस्थामा कोभिड- १९ को संक्रमण थप बढ्न सक्ने देखिन्छ। चाडपर्व मनाउँदा एउटै घरमा बसेका परिवारका व्यक्ति बाहेक अन्य सँग भेटघाट नगर्ने, एउटै घरमा बसेका परिवारका सदस्य मात्र उपस्थित भई आफ्नो घर/कोठामा भौतिक दूरी कायम गरि चाडपर्व मनाउने, अनावश्यक भेटघाट र हिंडडुल नगर्ने, चाडपर्व, मेला, जात्रा, पर्वहरु मनाउन सार्वजनिक स्थलहरुमा भेला नहुने, अनिवार्य रुपमा मास्क सेनिटाइजरको प्रयोग गर्ने, साबुन पानीले हात धुने गर्नु गराउनुहुन एवं *" चाडपर्व, जात्रा तथा उत्सव मनाउँदा पालना गर्नुपर्ने जनस्वास्थ्यका मापदण्ड, २०७७"* लाई पूर्ण रुपमा पालना गर्नु/गराउनुहुन सम्पूर्ण जिल्ला बासीहरुमा जिल्ला प्रशासन कार्यालय म्याग्दी हार्दिक अनुरोध गर्दछ । उक्त मापदण्डको पालना नगरेको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

2066-05-02

महेश सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी